प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

भैरहवा, रूपन्देही

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०८/२६

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.व. २०७६/७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा संचालन गर्नुपर्ने तपसिल बमोजिमका कार्यक्रमहरुको **पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधी-२०७६** अनुसारका शर्तहरु पालना गरि कार्यान्वयन गर्नका लागि ईच्छुक रुपन्देही र पश्चिम नवलपरासी जिल्ला अन्तर्गतका कृषक/कृषक समूह/समिति/सहकारी/व्यवसायिक पशु फार्म/निजी उद्यमि/दाना तथा साईलेज उत्पादन उद्योग/मासु व्यवसायि/दुग्ध व्यवसायिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट) कार्यालय समयमा तोकिएको ढाचामा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पत्रका साथमा तपसिलमा उल्लेखित कागजातहरु संलग्न गर्नुपर्नेछ, साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

### तपसिल

| सि. नं. | कार्यक्रम | संख्या | अधिकतम साझेदारी रकम रु. प्रति प्रस्ताव | कैफियत |
|---|---|---|---|---|
| १. | आयआर्जनको लागी भेंडा/बाख्रापालन (८०% अनुदान ) | २ | ६ लाख | भेंडापालन पकेट क्षेत्रः मर्चवारी गा.पा, सम्मरीमाई गा.पा, कोटहीमाई गा.पा, मायादेवि गा.पा ।, बाख्रापालन पकेट क्षेत्रः गैडहवा गा.पा, कञ्चन गा.पा, लुम्बिनी सांस्कृतिक न.पा, सैनामैना न.पा, शुद्धोधन गा.पा, बर्दघाट न.पा, रामग्राम न.पा लाई प्राथमिकता दिईनेछ। |
| २. | पोषण सुधारका लागी सुँगुर/बंगुरपालन (८०% अनुदान) | २ | ५ लाख | प्रदेश नं ५, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागु भएका स्थानीय तहको समन्वयमा सिमान्तकृत (दलित, महिला, मुक्तकमैया लगायत) समुदायलाई प्राथमिकता दिईने। स्थानिय तहको एक वडामा कम्तिमा १० जना कृषकहरुको २ समूह मार्फत कार्यक्रम कार्यान्वयन हुने। |
| ३. | पोषण सुधारका लागी स्थानिय कुखुरापालन (८०% अनुदान) | ५ | ५ लाख | प्रदेश नं ५, मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागु भएका स्थानीय तहको समन्वयमा सिमान्तकृत (दलित, महिला, मुक्तकमैया लगायत) समुदायलाई प्राथमिकता दिईने। स्थानिय तहको वडामा कम्तिमा १० जना कृषकहरुको ३ समूह मार्फत कार्यक्रम कार्यान्वयन हुने। |
| ४. | घाँसेबाली स्रोत केन्द्र स्थापना (५०% अनुदान) | १ | २० लाख | कम्तिमा १ हेक्टर क्षेत्रफल हुनुपर्ने। |
| ५. | आहाराको लागी घाँसेबालीहरुको बिउ उत्पादन (कन्ट्रयाक्ट फार्मिङ) (५०% अनुदान) | २ | ३ लाख | खेती गर्ने जगाको न्युनतम मापदण्ड कृषकको हकमा १ हेक्टर, कृषि तथा पशुपालन फार्म/समूह/समिति/सहकारीको हकमा ५ हेक्टर हुनुपर्नेछ। बिउ खरिद गर्ने व्यवसायीको प्रतिबद्धता पत्र संलग्न हुनुपर्ने। |
| ६. | घाँस तथा दाना उत्पादनका लागी (मकै, भटमास उत्पादन) कोषे अकोषे घाँस खेती तथा साईलेज उत्पादन (५०% अनुदान) | १ | २० लाख | खेती गर्ने जगाको न्युनतम मापदण्ड कृषकको हकमा १ हेक्टर, कृषि तथा पशुपालन फार्मको हकमा ५ हेक्टर, दाना तथा साईलेज उत्पादन उद्योग सहकारीको हकमा १० हेक्टर हुनुपर्नेछ। घाँस तथा दाना खरिद गर्ने व्यवसायिको प्रतिबद्धता पत्र संलग्न हुनुपर्ने। |
| ७. | च्यापकटर मेशिनमा सहयोग (५०% अनुदान) | १० | ५० हजार | व्यवसायिक पशुपालन भएको। |
| ८. | मासु तथा डेरी पसल सुधार सहयोग (५०% अनुदान) | १२ | २ लाख | मासु पसलको हकमा दैनिक कम्तिमा २५ किलो मासु र डेरी पसलको हकमा दैनिक २०० लिटर दुध वा सो बराबरको दुग्धजन्य परिकार बिक्री वितरण गरिरहेको हुनुपर्ने। |
| ९. | स्थानीय तहको सहकार्यमा एकिकृत फर्म स्थापना (५०% अनुदान) | २ | २० लाख | स्थानीय तह र कृषकको क्रमशः ३५ र १५ प्रतिशत वा प्रस्तावकको ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ। स्थानीय तहको लागत साझेदारीको हकमा प्रस्ताव पेश गर्दा स्थानीय तहको प्रतिबद्धता अनिवार्य संलग्न गर्नु पर्नेछ। |

नोटः विस्तृत जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको फोन नं ०७१-५२१५०६ तथा यस केन्द्रका सूचना अधिकारी डा. सुमन खनालको मो.नं. ९८५७०१३९३१ मा सम्पर्क राख्नुहुन वा website: http://rupandehi.vethos.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ।

**प्रस्ताव दर्ता गर्ने स्थानहरुः**

१. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, भैरहवा, रुपन्देही।

२. जिल्ला सम्पर्क केन्द्र, परासी, पश्चिम नवलपरासी।

**व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरुः**

१. नेपाली नागरिकताको प्रतिलिपि।

२. अनुसूची-२ अनुसारको ढाँचामा निवेदन।

३. अनुसूची-४ अनुसार विस्तृत व्यवसायिक कार्ययोजना।

४. जगाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौतापत्रको प्रतिलिपि)।

५. प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

६. स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणको प्रतिलिपि।

७. प्रस्तावकले कम्तिमा........प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।

८. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान।

९. शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि।

१०. बैंक स्टेटमेन्ट वा बैंकको ऋण स्विकृति/प्रतिबद्धता पत्र।

११. औजार उपकरण खरिदको हकमा कोटेशन।